# विश्व

**पक्राउ**

मलेसियाका पूर्वप्रधानमन्त्री नाजिव राजाकलाई मंगलबार राष्ट्रिय भ्रष्टाचार नियन्त्रण निकायले गिरफ्तार गरेको छ।



**अलपत्र**

भीषण वर्षाका कारण भारतको मुम्बइस्थित एउटा रेलवे पुल भत्किँदा हजारौं यात्रु अलपत्र भएका छन्।



2018, JUL
Wednesday
4

विश्व २ मिनेट

### फिलिपिन्स

## गोली प्रहार

मनिला, (एजेन्सी)

फिलिपिन्सका विवादास्पद मेयर एन्टोनियो हालिलीमाथि एउटा औपचारिक समारोहमा झन्डोलोत्तन कार्यक्रमलगत्तै गोली प्रहार भएको छ। राजधानी मनिलाको दक्षिणी क्षेत्रमा पर्ने टन्उनको टाउन हलबाहिर राष्ट्रिय गान गाइसक्नेबित्तिकै एन्टोनियो हालिलीको छातीमा गोली प्रहार भएको बीबीसीले जनाएको छ। सो गोलीकाण्डपछि समारोहमा उपस्थित सबै चिच्याएर भाग्दै गरेको फुटेज सार्वजनिक भएको छ। लागूऔषध कारोबारमा संलग्न व्यक्तिप्रति उनको व्यवहार निकै रूखो रहेको थियो। यद्यपि लागूऔषध तस्करलाई संरक्षण गरिरहेको भन्ने आरोप पनि उनले खेपिरहेका छन्।

### मलेसिया

## पूर्वप्रम पक्राउ

क्वालालम्पुर, (एजेन्सी)

मलेसियाका पूर्वप्रधानमन्त्री नाजिव राजाकलाई मंगलबार राष्ट्रिय भ्रष्टाचार नियन्त्रण निकायले गिरफ्तार गरेको छ। उनीविरुद्ध बुधबार राजधानी क्वालालम्पुरस्थित उच्च अदालतमा मुद्दा दायर गरिने स्थानीय सञ्चार माध्यमले जनाएका छन्। उनीविरुद्ध सरकारी विकास कोष १ एमडीबीबाट ७० करोड अमेरिकी डलर हिनामिना गरेको अरोप लाग्दै आएको थियो सो कोष उनी स्वयंले खडा गरेका थिए। सो कोषको अर्बौं डलर दुरूपयोग भएको आशंका गरिएको छ। हालै मात्र उनको २७ करोड ३० लाख पर्ने बिलासिताका वस्तु जफत गरिएको थियो।

### बेलायत

## वार्ता गर्न अस्वीकार

लन्डन, (एजेन्सी)

बेलायतका रक्षामन्त्री गेविन विलियमसनले आफ्नो भारतीय समकक्षी निर्मला सीतारमणसँग द्विपक्षीय बैठक बस्न अस्वीकार गरेकोमा बेलायतको क्याबिनेटमा उनको आलोचना भएको छ। सीतारमण लन्डनमा पहिलो 'बेलायत-भारत सप्ताह' बैठकमा सहभागी हुने तयारीमा थिइन्। यद्यपि सञ्चारमाध्यममा आएको उक्त समाचारलाई निर्मला सीतारमणले निराधार भएको बताएकी थिइन्। उक्त बैठकका लागि भारतीय अधिकारीको तर्फबाट एक महिना अगाडिदेखि अनुरोध गरिएको द सन्डे टाइम्सले दाबी गरेको छ। बेलायतका कम्तीमा दुई मन्त्रीले विलियमसनलाई सीतारमणका लागि समय निकाल्न भनेका थिए।

### अमेरिका

## पोम्पिओ उत्तर कोरिया जाने

वासिङ्टन, (एजेन्सी)

अमेरिकी विदेशमन्त्री माइक पोम्पिओ जुलाई ५ मा उत्तर कोरिया जाने ह्वाइट हाउसले जनाएको छ। कोरियाली प्रायद्विपमा परमाणु निःशस्त्रीकरणका लागि आवश्यक प्रक्रियालाई जारी राख्न पोम्पिओ जुलाई ५ मा उत्तर कोरिया प्रस्थान गर्ने ह्वाइट हाउसका प्रवक्ता सारा सेन्डर्सले जानकारी दिएकी थिइन्। भ्रमणमा उनले उत्तर कोरियाली नेता किम जोङ उन र उनका टोलीसँग भेटवार्ता गर्ने उनले बताइन्। विदेश विभागले पनि जुलाई ५ देखि ७ सम्म पोम्पिओ उत्तर कोरियाको भ्रमणमा हुने पुष्टि गरेको छ। त्यसपछि उनले १२ जुलाईसम्ममा टोक्यो, हनोई र अबुधाबी र ब्रसेल्सको पनि भ्रमण गर्ने बताइएको छ।

# थाई सुरूङमा बेपत्ता सबै जीवितै भेटिए

## बाहिरिन महिनौं लाग्न सक्ने



बैंकक, (एजेन्सी)

विगत ९ दिनदेखि थाइल्यान्डको एउटा लामो शुरूङमा बेपत्ता रहेका १२ जना फुटबल खेलाडी किशोर र १ जना प्रशिक्षक जीवितै रहेको खुसीको खबर मंगलबार थाइ सेनाले सार्वजनिक गरेको छ। तिनीहरूलाई बाढीको पानीका कारण जलमग्न शुरूङको एउटा सुख्खा पाखामा फेला पारिएको र बाहिर निस्कन कि त तिनीहरूले पानीमुनि तैरिन जान्नुपर्ने वा बाढीको पानी सुकियुन्जेल अर्थात् महिनौं कुर्नुपर्ने सेनाले जनाएको छ।

सोमबार राति उद्धार टोलीका तैराकीले उनीहरूलाई फेला पारेका थिए। ती तैराकीले तिनीहरूलाई आवश्यक सामान पुर्‍याउन संघर्ष गरिरहेका छन्। सेनाले तिनीहरूलाई कम्तीमा आगामी ४ महिनासम्म खाद्य पदार्थ पठाइनुपर्ने बताएको छ।

चियाङ राइका गभर्नर नारोङसाक ओसोथानास्कोनले ती किशोरलाई आफ्ना परिवारसँग कुराकानी गराउने उद्देश्यले शुरूङभित्र बत्ती र टेलिफोनको व्यवस्था गर्ने प्रयास भइरहेको जानकारी दिएका छन्।

तिनीहरूलाई मद्दत गर्ने उद्देश्यले बेलायतदेखि आएका २ जना तैराकीले जीवितै फेला पारेका हुन्। तिनीहरूका परिवार यस समाचारबाट अत्यन्तै खुसी भएका छन्। तिनीहरू सबै अत्यन्तै भोकाएको अवस्थामा रहेको बताइएको छ। २५ वर्षीय प्रशिक्षकलगायत ११ देखि १६ वर्षका ती किशोर शुरूङमा बेपत्ता भएका थिए।

# उत्तर र दक्षिण कोरियाबीच 'बास्केटबल डिप्लोमेसी' प्रारम्भ



सोल, (एजेन्सी)

दक्षिण कोरियाका १ जना उच्च सरकारी अधिकारीको नेतृत्वमा रहेको बास्केटबल खेलाडीको १ टोली मंगलबार उत्तर कोरियातर्फ प्रस्थान गरेको दक्षिण कोरियाली सञ्चारमाध्यमले जनाएका छन्। सो टोलीमा दर्जनौं बास्केटबल खेलाडी समावेश रहेको बताइएको छ। यस घटनालाई केही सञ्चारमाध्यमले उत्तर र दक्षिणबीचको 'बास्केटबल डिप्लोमेसी' को संज्ञा दिएका छन्। ती सञ्चारमाध्यमले उत्तर र दक्षिण कोरियाबीच पछिल्लो समयमा विकास भएको कूटनीतिक सम्बन्धमा यसले थप सुधार गर्ने जनाएका छन्।

बास्केटबल उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनको सबैभन्दा मन पर्ने खेल भएको बुझिएको छ। उनको मन पर्ने खेलका लागि दक्षिण कोरियाली खेलाडीले उत्तर कोरियाको भ्रमण गर्नुलाई अर्थपूर्णरूपमा लिइनु पनि स्वाभाविक भएको राजनीतिक विश्लेषकको भनाइ रहेको छ।

दक्षिण कोरियाका राष्ट्रिय एकीकरणमन्त्री चो म्योङ गियोनको नेतृत्वमा ५० जना बास्केटबल खेलाडीको सो टोली सोमबार उत्तर कोरियाको राजधानीका प्योङयाङका लागि प्रस्थान गरेको हो। उत्तर कोरियाली नेता उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच गत १२ जुनमा सिंगापुरमा भएको वार्तायता पहिलोपटक यी २ देशका यति वरिष्ठ अधिकारीले भ्रमण गरेका हुन्।

अमेरिका र उत्तर कोरियाबीचको शिखर वार्तापछि अमेरिका र उत्तर कोरिया तथा उत्तर र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्धमा सुधार आएको छ।

उक्त ऐतिहासिक वार्तामा भएका सम्झौताको कार्यान्वयनका बारेमा हाल उत्तर कोरियाले काम गरिरहेको जानकारी गराइएको छ। राष्ट्रपति ट्रम्पले उत्तर कोरियाले यसअघि नै उत्तर कोरियास्थित एउटा आणविक उत्पादन केन्द्र भत्काइसकेको तथ्य सार्वजनिक भएको बताइसकेका छन्। ट्रम्प र उनबीचको सिंगापुर शिखर वार्ताअघि दक्षिण कोरियामा उन र दक्षिणका राष्ट्रपति मुन जाय इनबीच ऐतिहासिक वार्ता भएको थियो।

सो वार्ताको संयुक्त घोषणापत्रमा कोरियाली युद्ध समाप्त भएको औपचारिक घोषणा गर्ने तथा सो क्षेत्रलाई आणविक सन्त्रासमुक्त बनाउनेलगायतका महत्त्वपूर्ण बुँदा उल्लेख गरिएको थियो। साथै किमले उक्त भ्रमणपूर्व चीनको गोप्य भ्रमण गरी चिनियाँ राष्ट्रपति सी जिन पिङसँग वार्ता गरेका थिए।

# अरूसँग सल्केको पतिको जनेन्द्रिय काटियो

बैंकक, (एजेन्सी)

लोग्ने-स्वास्नीको झगडा, परालको आगो भन्ने गरिन्छ। तर, यो झगडासम्ममा सीमित हुँदासम्म मात्र लागू हुन्छ। यदि एकले अर्कालाई विश्वासघात गर्ने वा भावनामा चोट पुर्‍याउने घटना भएमा त्यसले लिने रूप डरलाग्दो हुन्छ। यस्तै एउटा अनौठो घटना बाहिर आएको छ।

आफ्नो पति अरू नै महिलाको प्रेममा फसेको थाहा पाएपछि पत्नीले ती लोग्नेका जनेन्द्रिय नै काटिदिएकी छिन्। शुरूमा ती महिलाले पतिलाई उत्तेजित पारेको र धारिलोचक्कुले उसको गोप्य अंग काटेर झ्यालबाट बाहिर फ्याँकिदिएकी थिइन्।



अनौठो लाग्ने यो घटना थाइल्यान्डको हो। मिरर यूकेले दिएको समाचारमा २४ वर्षीय करुणा सनुसनले प्रहरी समक्ष अपराध स्वीकार गरेको जनाएको छ। उनले प्रहरीलाई शुरूमा आफ्नो ४० वर्षीय पति सिरिपनलाई सुत्नका लागि कुरेको र फेरि उसलाई उत्तेजित बनाई १२ इन्चको चक्कुले उनको जनेन्द्रिय काटेको बयान दिएकी छिन्।

आफूलाई धोका दिइरहेका पतिसँग आक्रोशित पत्नीको रिस त्यतिमै शान्त भएन, उनले बेडरुमको झ्याल खोलेर उक्त अंग बाहिर फ्याँकिन्, ताकि त्यो कसैले भेट्टाउन नसकुन्। यसबीच सिरिपन रक्ताम्य भइसकेका थिए। छिमेकीले सिरिपन चिच्याएको सुनेपछि प्रहरीलाई फोन गरेका थिए। बिहान साढे ६ बजेतिर मात्रै प्रहरी घटनास्थल पुगेका थिए।

प्रहरीले काटिएको जनेन्द्रिय फेला पारी त्यसलाई बरफको बट्टामा राखेका थिए। उनीहरूले डाक्टरलाई पुनः जोड्नका लागि भनेको तर डाक्टरले यो असम्भव हुने बताएका थिए। सिरिपनलाई नजिकको अस्पतालमा भर्ना गरिएको र करुणलाई प्रहरीले पक्राउ गरी हिरासतमा राखेको जनाइएको छ। करुणा कम्बोडियाकी हुन्। प्रहरीको सोधपुछका क्रममा महिलाले हालै मात्र आफूले पति कुनै अर्कै महिलासँग सम्बन्धमा रहेको थाहा पाएको बताएकी थिइन्। यो थाहा पाएपछि आफूले रिस थाम्न नसकेको र त्यस्तो गर्ने योजना बनाएको बताएकी थिइन्।



बेलायती महारानी अस्वस्थ

# राजप्रासादमा शोकसभाको पूर्वाभ्यास

लन्डन, (एजेन्सी)

बेलायती महारानी गत हप्ता सेन्ट पोल क्याथेड्रलमा आयोजित सेवा समारोहको एक कार्यक्रमा अनुपस्थित रहिन्। उनी बिरामी भएकाले उक्त कार्यक्रममा अनुपस्थित भएको बताइएको थियो। यो खबर सार्वजनिक भएपछि सरकारका केही मन्त्रीले महारानीको निधनपछि राखिने शोकसभाका लागि गोप्य तरिकाले पूर्वाभ्यास गरेको बताइएको छ।

द सन्डे टाइम्सलाई उद्धृत गर्दै डेली मेलले 'क्यासल डोव' नाम दिइएको उक्त शोकसभाको पूर्वाभ्यासमा थुप्रै क्याबिनेट मन्त्री र अधिकारीको उपस्थिति रहेको बताइएको छ। बेलायतको इतिहासमा पहिलो पटक राजपरिवारको कुनै सदस्यको निधन हुनुअघि यसरी सरकारी स्तरमा चर्चा र तयारी भएको हो। गत वर्ष पनि गार्जियन पत्रिकाले महारानीको सम्भावित निधनपछि राजमहल र सरकारका तर्फबाट उठाइने कदमबारे जानकारी दिएको थियो। सो जानकारीमा उनको निधनपछि सबैभन्दा पहिले काउन्सिलमा राजगद्दीको भावी उत्तराधिकारीबारे चर्चा हुने बताइएको थियो। त्यसपछि बकिंघम प्यालेसको ढोकामा महारानीको निधनको औपचारिक सूचना टाँसिनेछ।

लगत्तै सो सूचना संसारभरिका समाचार निकायलाई जारी गरिनेछ। रेडियो र टेलिभजिनको ब्याकग्राउन्डमा केवल शोक संगीत बजाउने आदेश दिइनेछ। श्रद्धाञ्जली कार्यक्रमका लागि महारानीको शवलाई वेस्टमिन्स्टर हलमा राखिनेछ। राजकुमार चार्ल्सले राजा भएको केही दिन वा हप्ताभित्रै स्कटल्यान्ड र वेल्सको भ्रमण गर्ने बताइएको छ।

# मर्केल सरकारमाथिको संकट टऱ्यो

## आप्रवासी नीतिमा सहमति

बर्लिन, (एजेन्सी)



जर्मन चान्सलर एन्जेला मर्केलले देशको आप्रवासी नीतिमा एक सम्झौतामा पुग्नमा सफलता प्राप्त गरेकी छिन्। मर्केलले यस मामिलामा गृहमन्त्रीसँगको राजनीतिक गतिरोध समाप्त गरेकी छन्।

सम्झौतासँगै उनको सरकारमाथि देखिएको संकट पनि समाप्त भएको छ। मन्त्री होर्स्ट सिहोफेरले सोमबार आप्रवासी, शरणार्थी विवादमा घन्टौं वार्तापछि सम्झौतामा पुग्नमा सफलता प्राप्त गरेकी छिन्। मर्केलले यस मामिलामा गृहमन्त्रीसँगको राजनीतिक गतिरोध समाप्त गरेकी छन्। सम्झौतासँगै उनको सरकारमाथि देखिएको संकट पनि समाप्त भएको छ। मन्त्री होर्स्ट सिहोफेरले सोमबार आप्रवासी, शरणार्थी विवादमा घन्टौं लामो वार्तापछि राजीनामा दिने धम्की फिर्ता लिएका छन्। यस विवादलाई लिएर मर्केलको नेतृत्वमा रहेको ४ महिना पुरानो गठबन्धन सरकार गिराउने धम्की दिइएको थियो। जर्मनीको दक्षिणी सीमामा आएर आश्रय माग्नेहरूबाट उत्पन्न समस्या समाधान गर्ने प्रक्रियालाई लिएर मर्केलसँग सिहोफेरको मतभेद थियो। सिहोफेर क्रिस्चियन सोसल युनियन (सीएसयू) का नेता हुन्। यो मर्केलको क्रिस्चियन डेमोक्र्याटको सहयोगी पार्टी हो। सिहोफेरले यसअघि आइतबार गृहमन्त्री पदबाट सीएसयूका नेताको पदबाट राजीनामा दिने चेतावनी दिएका थिए।

मर्केलले सोमबार वार्तापछि अस्ट्रियाली सीमामा नियन्त्रण बलियो बनाउन सहमति दिएकी थिइन्। यसले युरोपेली संघका अन्य देशमा आश्रयका लागि आवेदन दिएका आप्रवासीलाई जर्मनी प्रवेशमा रोक लगाउन सक्नेछ। उनीहरूलाई रोक्न र फिर्ता नपठाउन्जेल राख्न ट्रान्जिट सेन्टर स्थापित गरिनेछ।

चान्सलरले यस सम्झौतालाई कठिन वार्तापछिको राम्रो नतिजा भएको बताएकी छिन्। जर्मनीमा भएको उक्त सहमतिलाई अस्ट्रिया सरकारले आफ्नो दक्षिणी सीमा क्षेत्रको रक्षाका लागि उपाय गर्ने जनाएको छ। उसले जर्मनीको निर्णयमा पनि स्पष्टीकरण मागेको छ।